# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan
3 No. Province, Nepal


प.सं.०७५/७६प्र.शा.
च.नं. ११९०

मितिः २०७५/०६/११

**विषयः कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।**

श्री वडा अध्यक्षज्यू (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवनको प.सं. ०७५/०७६ च.नं. ११६५ मिति २०७५/०६/१० गतेको प्राप्त पत्रानुसार जिल्ला प्रहरी कार्यालय, चितवनले महिला तथा बालबालिका बिरुद्ध हुने हिंसा नियन्त्रण, लागू औषध सेवन नियन्त्रण, सामाजिक सन्जालको दुरुपयोग नियन्त्रण, ट्राफिक सचेतना, घरेलु मदिरा उत्पादन बिक्री वितरण नियन्त्रण तथा सार्वजनिक विकृतिजन्य गतिविधिको नियन्त्रणलाई अझ बढी प्रभावकारी बनाउनको लागि "सचेतनाको बृहत अभियान" सम्बन्धमा जानकारी गराउने कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा सहभागिताका लागि निर्देशानुसार अनुरोध छ ।

**तपसिलः**
मितिः- २०७५/०६/१२ गते, शुक्रबार ।
समयः- अपरान्ह २:०० वजे ।
स्थानः- महानगरपालिकाको सभाकक्ष ।

२०७५।६।११
............................
(कुलबहादुर जी.सी.)
उप-सचिव
उप-सचिव

**बोधार्थः**
श्री जिल्ला प्रहरी कार्यालय,
भरतपुर, चितवन ।



Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रहरी कार्यालय
( प्रशासन शाखा )

कन्ट्रोल: १००
फोन: ०५६-५२०१५५
०५६-५२४२४१
९८५५०९०१३३
फ्याक्स : ०५६-५२५९२८
भरतपुर, चितवन।

पत्र संख्या: ०७५/०७६/
च.नं. ११६८
मिति: २०७५/०६/१०गते
प्रा.प.सं. :

**विषय: आवश्यक सहयोग सम्बन्धमा।**

श्रीमान नगर प्रमुख ज्यू,
भरतपुर महानगरपालिका, चितवन।

जिल्ला प्रहरी कार्यालय चितवनले महिला तथा बालबालिका बिरूद्ध हुने हिंसा नियन्त्रण, लागू औषध सेवन नियन्त्रण, सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रण, यौन जन्य हिंसा नियन्त्रण, ट्राफिक सचेतना, घरेलु मदिरा उत्पादन विक्री वितरण नियन्त्रण तथा सार्वजनिक विकृती-जन्य गतिविधिको नियन्त्रणलाई अझ बढी प्रभावकारी बनाउन स्थानीय तहको सहयोग र साझेदारीमा भरतपुर महानगरपालिकाका सबै वडा अन्तरगतका क्षेत्रमा "सचेतनाको बृहत अभियान" कार्यक्रम शुरू गर्न लागेको हुंदा भरतपुर महानगरपालिकाको सभाकक्षमा मिति २०७५।०६।११ गते हुने उक्त कार्यक्रममा २९ वटै वडाध्यक्षज्युहरुको उपस्थितिको व्यवस्था मिलाई सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गरिएको छ।

कार्यालय प्रमुख
( सुशिल सिंह राठौर )
प्रहरी उपरीक्षक

Scanned by CamScanner